सा‌ल्पासिलिछो गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चौकिडाँडा, भोजपुर

E-mail :Salpasilichhoruralmunicipality@gmail.com
Website :www.salpasilichhomun.gov.np

प्रदेश नं.१, नेपाल

## अरेबिका जातको कफि विरुवा खरिद सम्बन्धि दरभाउ पत्र आह्वानको सुचना

### प्रथम पटक प्रकाशित मिति २०७८/०२/११

प्रस्तुत विषयमा साल्पासिलिछो गाउँपालिका को आ.व.२०७७/०७८ को कृषी सेवा शाखाको वार्षिक ससर्त तथा प्रधानमन्त्री कृषी आधुनिकिकरण परियोजना कार्यक्रम तर्फ कफी पकेट विकास अन्तर्गत कफि बिरुवा खरिद तथा ढुवानीका लागी रकम विनियोजित भए बमोजिम सिलबन्दि दरभाउको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक इजाजत प्राप्त फर्म, संस्था,कम्पनी तथा सप्लायर्सहरुबाट निम्न सर्तको अधिनमा रही रितपुर्वकको शिलबन्दी दरभाउ आह्वन गरिएको छ ।

शर्तहरुः

१. दरभाउ प्रथम पटक सुचना प्रकाशितभएको मितिले १५ दिन भित्र यस कार्यालयको ग १.१ आन्तरिक राजस्व खाता नं.०५७०००१३४१ मा रु १०००।०० (अक्षेरुपी रु एक हजार मात्र) पछि फिर्ता नहुने गरी बुझाई अध्यावधिक नविकरण भएको ईजाजतपत्र मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सुचिमा नरहेको स्वघोषणा संलग्न राखि सम्बन्धित फर्म,कम्पनी तथा सप्लायर्सहरु वा अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालायको कृषी सेवा शाखावाट दरभाउ सम्बन्धि कागजात(Tender document) खरिद गर्न सकिने छ ।

२. खरिद भएको दरभाउ पत्रमा उल्लेख भएका सबै विवरणहरू प्रष्ट सँग भरि सम्बन्धित फर्म संस्था सप्लायर्सहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहि छाप तथा नाम ठेगाना प्रस्टरुपमा लेखी १५ दिनको १२.०० बजे भित्रमा दर्ता गर्नु पर्ने छ । सोहि दिन दर्ता भएको बोलपत्रहरु दिनको ३ बजे उपस्थित दरभाउको दाताहरुको रोहबरमा यसै कार्यालयमा खोलिने छ ।

३. दरभाउ धरौटी बापतको रकम यस गाउँपालिकाको नेपाल बङ्गलादेश बैकको शाखा रहेको धरौटी खाता नं.०५७००००८४१ मा नगद जम्मा गरी सोको सक्कली बैक भौचर बुझाउनु पर्ने छ |

४. दरबाउ शर्त रहित केरमेट नभएको कार्यालयबाट उपलब्ध गराएको दरभाउ पुस्तिकामा नै कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको सुचनाको शर्त बिपरित भएको दरभाउ माथी कारबाही हुने छैन।

५. दरभाउ खरिद गर्न दर्ता गर्ने अन्तिम दिन सार्वजनिक परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुने छ ।

६. दरभाउ सम्बन्धी थप जानकारी लिनु परेमा मोबाईल नं. ९८४४२३६८५९ मा सम्पर्क राख्नुपर्ने छ ।

७. एक फर्म संस्था कम्पनी वा निर्माण व्यावसायीको नाममा खरिद भएको दरभाउ पत्र फारम अर्को फर्म संस्था कम्पनी तथा सप्लायर्सको नाम बाट दाखिला गर्न पाईने छैन।

८. प्रकाशित सुचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सुचना पाटी वा वेभसाईटमा (www.Salpasilichhomun.gov.np)मार्फत जानकारी गराईनेछ ।

| सिं नं | शिलवन्दि दरभाउपत्र नं. | कामको नाम वा विवरण | स्वीकृत वार्षिक रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | KS/05/077/078 | कफि बिरुवा खरिद | ५२५०००- | २१०००- | |

जनारनाथ प्रसाद साह

नि.प्रमुख प्रशासकिय अधिकृत